# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २९. अकं १, चैत्र/वैशाख २०८० April/May 2023


## दोषीलाई कानुन बमोजिम कारवाही गर्न संघको माग




उद्योग वाणिज्य संघ चितवनले मिति २०८० वैशाख २० गते संघका पूर्व कार्यसमिति सदस्य, चितवनका अग्रणी युवा उद्यमी शंकर कंडेको असामयिक तथा अप्रत्याशित निधनप्रति समवेदना प्रकट गर्दै घटनाको छानबिन गरी दोषी उपर कारबाहीको माग गरेको छ। उद्योग वाणिज्य संघ- चितवनका अधयक्ष चुननारायण श्रेष्ठ नेतृत्वको व्यवसायीहरूको टोलीले बुधवार प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई ज्ञापनपत्र हस्तान्तरण गर्दै सो माग गरेको हो । व्यवसायी कँडेलले आत्महत्या गर्नुको कारण खुलाएर आफूलाई आत्महत्या गर्नका लागि बाध्य पार्ने व्याक्तिहरूको नामसमेत किटान गरी मृत्युवरण गरेको जानकारी प्राप्त भएको बताउँदै संघले बुधवार एक प्रेस विज्ञप्ति जारी गरी उक्त परिस्थिति सृजना गर्नेप्रति खेद प्रकट गर्दै सुसाइड नोटमा उल्लेख गरिएका व्यक्तिहरूको बारेमा सत्य तथ्य पत्ता लगाई वैज्ञानिक तवरले अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याएर यथासिघ्र कारवाही गर्नको लागि सम्बन्धित निकायसँग माग गरेको थियो । यही वैशाख १९ गते साँझ उद्योग वाणिज्य संघ चितवनका पूर्व कार्यसमिति सदस्य, चितवन जिल्लाका अग्रणी युवा उद्यमी शंकर कँडेलको असामयिक तथा अप्रत्यासित निधनको खबरले उद्योग वाणिज्य संघ चितवन र सिङ्गो निजी क्षेत्र


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

# उद्योग वाणिज्य संघ-चितवन

## लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

## परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

## गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्धेश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

## प्रकाशन समिति

**संयोजक:**
विज्ञानलाल श्रेष्ठ - कार्यसमिति सदस्य

**सदस्यहरु:**
शिवप्रसाद ओझा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ

**सल्लाहकारहरु:**
राजेन्द्र ओली, सिद्धार्थलाल चुके, रामशरण सिलवाल

**सम्पादक:**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**
सन्देश पौडेल - सूचना प्रविधि अधिकृत



स्तब्ध र मर्माहत भएको विज्ञप्तिमा जनाउँदै दुःखको यस घडिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन, बन्धुबान्धव, इस्टमित्र र शुभेच्छुकमा हार्दिक समवेदना व्यक्त गरिएको थियो । उहाँको निधनले चितवन जिल्लाको मात्र नभएर राज्यले एक उर्जावान उद्यमी एवम् सामाजिक अभियन्तामात्र गुमाएन, आर्थिक क्षेत्रका एक नक्षेत्र समेत गुमाएको विज्ञप्तिमा उल्लेख गरिएको थियो । देशमा व्याप्त आर्थिक मन्दी, वित्तीय संकट र बैंक तथा वित्तीय संस्थाहरूबाट चर्को बैंक ब्याज असुली र कर्जा भुक्तानको लागि उद्यमी व्यवसायीहरूलाई दिइने मानसिक तनावका कारण कैयन उद्यमी व्यवसायीहरू हतोत्साहित भई विस्थापित हुनपुगेका छन् । नेपाल सरकारका विभिन्न निकायमा दर्ता गरी जस्तो सुकै विषम परिस्थितिमा पनि संयमित भई राज्यलाई कर तिर्दै राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपुर्ण योगदान पुऱ्याउँदै आएको निजी क्षेत्रलाई सरकारको तर्फबाट कुनै किसिमको सहयोग नहुनु दुर्भाग्यपूर्ण रहेको संघले महसुस गरेको छ । व्यवसायी कँडेलको आत्महत्याको घटना पनि यस किसिमको जटिल परिस्थितिमा राज्य संयन्त्रको निरिहपनको दुस्परिणाम समेत भएको संघको ठम्याइ रहेको छ । गत माघ महिनामा व्यवसायी प्रेमप्रसाद आचार्यको देहत्याग र तत्पश्चात् नेपालका विभिन्न स्थानमा व्यवसायीहरूले आत्महत्या गरेका घटनाबाट न त सम्बन्धित निकायले सुधारका कार्य गऱ्यो नत कुनै विशेष कार्यक्रम ल्याउन सक्यो, विज्ञप्तिमा भनिएको थियो । यदि अझैपनि सम्बन्धित पक्ष सहज भई व्यसायीका पक्षमा कुनै ठोस कार्यक्रम नल्याउने हो भने यस किसिमका अप्रिय घटनाबाट निजी क्षेत्र झन निरुत्साहित हुने देखिन्छ । वर्तमान परिस्थितिमा उद्यमी व्यवसायीहरू कतिपनि विचलित नभई आपसी करोबार सौहार्द्रपूर्ण तवरले गर्नुकासाथै विद्यमान संकटको घडिमा धैर्यतापूर्वक र सुझबुझकासाथ आर्थिक गतिविधि सञ्चालन गर्न सम्पूर्ण उद्यमी व्यवसायीहरूलाई संघले अपिल गरेको छ ।

# वस्तुगत विशेष

## अधिकृत व्यवसायी संघ चितवनको नयाँ वर्षको शुभकामना आदनप्रदान एवं क्यालेन्डर विमोचन कार्यक्रम




अधिकृत व्यवसायी संघ चितवनको आयोजनामा मिति २०७९ चैत्र २२ गते नयाँ वर्ष २०८० को शुभकामना आदान-प्रदान एवं वर्ष २०८० को क्यालेन्डर विमोचन कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमका प्रमुख अतिथि उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले नयाँ वर्ष २०८० शुभकामना व्यक्त गर्दै उहाँले क्यालेण्डर प्रकाशन गरेर संघमा आवद्ध सदस्यहरूलाई वितरण गर्न लागेकोमा अधिकृत व्यवसायी संघ चितवनलाई धन्यवाद व्यक्त गर्नुभयो । उहाँले नेपाल उद्योग वाणिज्य महासंघको आशन्न अधिवेशनमा उद्योग वाणिज्य संघ-चितवनको तर्फबाट कार्यकारिणी सदस्य पदका उम्मेदवार संघका पूर्व अध्यक्ष मदनलाल जोशीलाई जिताउन सहयोग गरिदिनुहुनसमेत लागि अपिल गर्नुभएको थियो। कार्यक्रमा बोल्दै अधिकृत व्यवसायी संघ चितवनका अध्यक्ष नारायण प्रधानले संस्थाको आर्थिक विकासमा क्यालेन्डर प्रकाशन कार्यले सहयोग गर्ने बताउँदै उहाँले प्रकाशन समितिका संयोजक एवं सदस्य लगाएत विज्ञापन दाताहरूलाई धन्यवाद दिनुभएको थियो । कार्यक्रममा विशिष्ट अतिथि उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, विशिष्ट अतिथि अधिकृत व्यवसायी संघ चितवनका संस्थापक अध्यक्ष पवनकुमार पिया, पूर्व अध्यक्ष प्रद्युन्न सापकोटा, उद्योग वाणिज्य संघ-चितवनका तृतीय उपाध्यक्ष सिरिष पन्त, होटल व्यवसायी संघका अध्यक्ष केशव हड्खोले लगायतले मन्तव्य राख्नुभएको थियो । क्यालेन्डर प्रकाशन समितिका संयोजक शम्भुलाल श्रेष्ठको संयो जकत्वमा भएको कार्यक्रममा अधिकृत व्यवसायी संघ चितवनका पदाधिकारी एवं कार्यसमिति, विभिन्न वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधि, अधिकृत व्यवसायी संघमा आवद्ध सदस्यहरू गरी ८० जनाको उपस्थिति रेहेको थियो। सोही कार्यक्रमको अवसर मा सदस्यता व्यवस्थापन समितिका संयोजक उद्धव अधिकारीको संयोजनमा संघमा नयाँ १५ जना सदस्यहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो। कार्यक्रम अधिकृत व्यवसायी संघ चितवनका अध्यक्ष नारायण प्रधानको अध्यक्षतामा भएको थियो। कार्यक्रम संघका उपाध्यक्ष रामजी घिमिरेले सञ्चालन गर्नुभएको थियो ।

# कन्या गुरुकुलमा खाद्यान्न सहयोग




अधिकृत व्यवसायी संघ चितवनको आयोजनामा मिति २०७९ चैत्र १३ गते देवघाट-१, तनहुँमा अवस्थित श्री राम जानकी गार्गी कन्या गुरुकुलमा एक कार्यक्रमको आयोजना गरी आवश्यक खाद्यान्न वितरण गरिएको थियो । अधिकृत व्यवसायी संघका अध्यक्ष नारायण प्रधानले उक्त संघका संस्थापक अध्यक्ष पवनकुमार पियाको प्रमुख आतिथ्यतामा कन्या गुरुकुलका संरक्षक भवानी उपाध्याय र प्राचार्य खिमनाथ चालिसेलाई उक्त खाद्यान्नहरू हस्तान्तरण गरेको थियो । गुरूकुलका ६५ जना कन्याहरूकालागि खाद्यान्नहरूको अभाव भएको जानकारी प्राप्त भएकोले चामल, दाल, तेल, आलु, सोयाविन, नुन र विस्कुट लगायतका सामाग्रीहरू हस्तान्तरण गरिएको संस्थाका अध्यक्ष नारायण प्रधानले जानकारी गराउनुभयो । नेपाल वितरक महासंघका उपाध्यक्ष दुर्गा गौतमको विशेष उपस्थिति रहेको उक्त कार्यक्रम संघका महासचिव मनोज रौनियारले सञ्चालन गर्नुभएको थियो । अधिकृत व्यवसायी संघ चितवनले नारायण प्रधानको नेतृत्वमा भर्खरै गठन भएको कार्यसमितिले सामाजिक उत्तरदायित्वका कार्यहरूलाई पनि अगाडि बढाएकोमा संस्थाका सस्थापक अध्यक्ष एवं कार्यक्रमका प्रमुख अतिथि पवनकुमार पियाले प्रशन्नता व्यक्त गर्दै गुरुकुलमा थप सहयोग पुऱ्याउने वचनबद्धता व्यक्त गर्नुभएको थियो । त्यसैगरी गुरूकुलका संरक्षक भवानी उपाध्याय र प्राचार्य खिमलाल चालिसेले संघद्वारा सहयोग गरेकोमा आभार प्रकट गर्नुभएको थियो । संघका निवर्तमान अध्यक्ष रवि श्रेष्ठको संयोजनमा भएको कार्यक्रममा संघका पूर्व अध्यक्ष जिवनाथ पौडेल, सल्लाहकार श्रवण रेग्मी, उपाध्यक्ष रामजी घिमिरे, कोषाध्यक्ष शम्भुलाल श्रेष्ठ 'राजु' सचिव कुलप्रसाद अधिकारी लगायत सदस्यहरू निरेश सिंह, निर्मल ढकाल, नितेश महेश्वरी र उद्धव अधिकारीको उपस्थिति रहेको थियो ।



## विद्युत् व्यवसायी संघ-चितवनद्वारा मानव सेवा आश्रममा खाना खुवाउने कार्यक्रम सम्पन्न

विद्युत व्यवसायी संघ-चितवनले मानव सेवा आश्रम चितवनमा आश्रित लक्ष्मी नारायणहरूलाई २०८० वैशाख २२ गते बुद्ध पूर्णिमाको शुभ दिन पारेर खाना खुवाउने कार्यक्रम सम्पन्न गरेको थियो। विद्युत व्यवसायी संघ-चितवनका कार्यसमिति सदस्य हेमलाल कँडेलको जन्मदिनको सु-अवसर पारेर उक्त कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा विद्युत् व्यवसायी संघ-चितवनका पदाधिकारी, कार्यसमिति सदस्यहरूको उपस्थितिमा मानव सेवा आश्रमका आश्रित वृद्ध-वृद्धाहरूलाई खाना खुवाएको संघका अध्यक्ष नवराज सुवेदीले जानकारी दिनुभयो।



पान नं. ६१८०८३१५३
दर्ता नं. ०३१७/०७८/०७९
फोन नं.: ०५६-५१३३३३, मो.९७४४०२५७२४२

**चेम्बर बहुउद्देश्यीय सहकारी संस्था लि.**


**CHAMBER MULTIPURPOSE COOPERATIVE SOCIETY LTD.**

भरतपुर-१, चेम्बर भवन, चेम्बर मार्ग, नारायणगढ, चितवन
Email: chambermultipurpose 2078@gmail.com
Promoted by: Chamber of Commerce & Industry-Chitwan

### हाम्रा सेवाहरु

| बचत सेवा | कर्जा सेवा | अन्य सेवाहरू |
|---|---|---|
| मासिक/अनिवार्य बचत | व्यावसायिक कर्जा | रकम संकलनमा घरदैलो सुविधा। |
| साधारण बचत | विविध कर्जा | रकम झिक्न राख्नको लागी सहज। |
| विषेश बचत (मुद्धती) | शैक्षिक कर्जा | आकर्षक ब्याजदर। |
| जेष्ठ नागरीक बचत | कृषी कर्जा | विश्वसनीय सहकारी संस्था। |
| वाल बचत | औद्योगिक कर्जा | उ.वा.संघ-चितवनमा दर्ता भए पश्चात मात्र सदस्यता लिन पाइने। |

- रु.५०,०००।-(५०० कित्ता) को शेयर खरिद गर्न सकिने।
- धितो तथा व्यक्तिगत जमानतमा कर्जा उपलब्ध गराउने व्यवस्था भएको
- कोसेली घरको माध्यमबाट सदस्यलाई अर्गानिक खाद्यवस्तु उपलब्ध गराइरहेको।
- रकम राख्दा झिक्दा SMS जाने व्यवस्था गरिएको।


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference
Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०८० जेष्ठ १८ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४५०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ४००० |
| ३. साना मंसुली | प्रति क्वि. | ३००० |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | ३५०० |
| ५. धान मोटो नया | प्रति क्वि | ३००० |
| ६. चामल (वार) | प्रति क्वि | ८००० |
| ७. चामल (सावा) | प्रति क्वि | ७००० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५५ |
| ९. मकै | प्रति क्वि. | ३४०० |
| १०. गहुँ | प्रति क्वि. | ४८०० |
| ११. कोदो | प्रति क्वि. | ६००० |
| १२. फापर | प्रति क्वि. | ८००० |
| १३. चना | प्रति के.जी. | ९२ |
| १४. केराउ | प्रति के.जी. | १०० |
| १५. भटमास | प्रति के.जी. | १२० |
| १६. रहर दाल | प्रति के.जी. | १७० |
| १७. मसुरी दाल | प्रति के.जी. | १२० |
| १८. मासको दाल | प्रति के.जी. | १५० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १८० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ८५ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ८० |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | . |
| घ. क्याटल फिड | प्रति के.जी. | . |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ३५ |
| २१. प्याज | प्रति के.जी. | ४५ |
| २२. तोरीको तेल | प्रति १० ली. | २१०० |
| २३. भटमासको टेल | प्रति १० ली. | २००० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | २००० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ४५० |
| २७. मरिच | प्रति के.जी. | १२५० |
| २८. धनियाँ | प्रति के.जी. | |
| २९. क. सुन | प्रति तोला | ११२१०० |
| ख. चाँदी | प्रति तोला | १४४५ |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | १६२५० |
| ख. २६ गेज रंगीन | प्रति वण्डल | १३९०० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | ११७ |
| ख. ८ मि.मि. | प्रति के.जी | ११०।५ |
| ख. १० मि.मि. | प्रति के.जी | १०७ |
| ग. १२ मि.मि. | प्रति के.जी | १०७ |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | ६५० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ६४५ |
| ख. सर्वोत्तम सिमेन्ट PPC | प्रति बोरा | ५४० |
| ग. सर्वोत्तम सिमेन्ट OPC | प्रति बोरा | ६३५ |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४२० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | २८० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ८०० |
| घ. लेयर्स कुखुरा जिउदो | प्रति के.जी. | ३५० |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ४२० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | १०० |
| ख. दही | प्रति लि. | १२० |
| ग. पनिर | प्रति के.जी. | ९०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | ११०० |
| च. घ्यू | प्रति के.जी. | १३०० |
| छ. खुवा | प्रति के.जी. | ११०० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।
-सम्पादक

## प्रापक :

.................................................................
.................................................................
.................................................................
.................................................................
.................................................................
.................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०